**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**मुख्य समाचार**

१. सरकारले अपरेशन सिन्दूर लगायत विभिन्न अपरेशनहरूमा अदम्य साहसका लागि रक्षाकर्मीहरूलाई वीरता पुरस्कार प्रशंसा पत्र प्रदान गर्ने राजपत्र सूचना जारी गरेको छ।

२. दिल्लीका मुख्यमन्त्री रेखा गुप्ताले प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेर दिल्लीको विकास पहल, स्वच्छ यमुना अभियान र आगामी छठ पूजाको तयारीको बारेमा जानकारी गराउनु भयो।

३. नागरिक उड्डयन मन्त्रालयले नौ वर्षमा तीन लाख 23 हजार उडानहरूमार्फत १ करोड ५६ लाखभन्दा बढी यात्रीहरूलाई सुविधा प्रदान गरेको बताएको छ।

४. आम चुनावको तयारी विषयमा छलफल नेपालका अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीले प्रमुख राजनीतिक दलका प्रतिनिधिहरूसँग बैठक गर्नुभयो।

५. फ्रेन्च ओपन सुपर ७५० ब्याडमिन्टन प्रतियोगितामा भारतका लक्ष्य सेनको चुनौती समाप्त भएको छ।

६.

**वीरता प्रशस्ति पत्र**

सरकारले अपरेशन सिन्दूर लगायत विभिन्न अपरेशनहरूमा अदम्य साहसका लागि रक्षाकर्मीहरूलाई वीरता पुरस्कार प्रशंसा पत्र प्रदान गर्ने राजपत्र सूचना जारी गरेको छ। राजपत्रमा समावेश गरिएका उद्धरणहरू वायुसेना र थल सेनाका कर्मचारीहरूका लागि हुन्।

**बाइट**

यसअघि राष्ट्रपति द्रौपदी मुर्मुले सशस्त्र बल र केन्द्रीय सशस्त्र पुलिस बलका कर्मचारीहरूका लागि १२७ वीरता पुरस्कार र ४० विशिष्ट सेवा पुरस्कारहरू स्वीकृत गर्नुभएको थियो।

**दिल्ली - रेखा गुप्ता - प्रधानमन्त्री**

दिल्लीका मुख्यमन्त्री रेखा गुप्ताले हिजो प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेर दिवालीको शुभकामना दिनु भयो। श्रीमती गुप्ताले प्रधानमन्त्रीलाई दिल्लीको विकास पहल, स्वच्छ यमुना अभियान र आगामी छठ पूजाको तयारीको बारेमा जानकारी गराउनु भयो। मुख्यमन्त्रीले यमुनालाई पुनर्जीवित गर्न दिल्ली सरकारको निरन्तर प्रयासहरूको बारेमा जानकारी गराउनु भयो। उहाँले भन्नु भयो, दिल्ली सरकार फोहोर पानी प्रशोधन क्षमता बढाएर आधुनिक फोहोर पानी प्रविधिहरू अपनाएर र औद्योगिक फोहोरको विसर्जनमा कडाइका साथ निगरानी गरेर यमुनालाई सफा र प्रदूषणमुक्त बनाउन प्रतिबद्ध छ। उहाँले यमुना किनारमा हरियो बेल्टहरू विकास भइरहेको र फोहोर नदीमा फाल्नबाट रोक्न कदम चालिएको जानकारी दियो।

२५ अक्टोबरदेखि २८ सम्म मनाइने छठ पर्वको बारेमा दिल्लीका मुख्यमन्त्रीले भन्नुभयो, भक्तहरूले स्वच्छ यमुनामा योजनाबद्ध रूपमा छठ पूजा गर्न सकून् भन्ने कुरा सुनिश्चित गर्न सबै तयारी भइरहेको छ। उहाँलेभान्नु भयो, यमुनाको दुवै किनारमा विशेष घाटहरू

निर्माण गरिँदैछन्, जसमा बत्ती, पिउने पानी, सरसफाइ, चिकित्सा सहायता र सुरक्षा व्यवस्था मिलाइएको छ। अधिकारीहरूले घाटहरूको सरसफाइ र पानीको गुणस्तरको अनुगमन गरिरहेका छन् ताकि भक्तजनलाई कुनै पनि असुविधा नहोस्।
दिल्लीका मुख्यमन्त्रीले प्रधानमन्त्री मोदीलाई नयाँ फ्लाईओभर, अन्डरपास, सुधारिएको सार्वजनिक यातायात, स्तरोन्नति गरिएका विद्यालयहरू र विस्तारित स्वास्थ्य सेवा सुविधाहरूसहित चलिरहेका कल्याणकारी योजनाहरू र पूर्वाधार परियोजनाहरूको बारेमा पनि जानकारी गराउनु भयो। उहाँले दिल्ली सरकार विकसित दिल्ली, आधुनिक, स्वच्छ र नागरिकमैत्री राजधानी निर्माण गर्ने दिशामा काम गरिरहेको बताउनु भयो।

**नागरिक उड्डयन - उडान**

नागरिक उड्डयन मन्त्रालयले क्षेत्रीय सम्पर्क योजना, उडे देश का आम नागरिक (उडान) ले नौ वर्षमा तीन लाख 23 हजार उडानहरूमार्फत १ करोड ५६ लाखभन्दा बढी यात्रीहरूलाई सुविधा प्रदान गरेको बताएको छ। उडान योजना राष्ट्रिय नागरिक उड्डयन नीति अन्तर्गत २१ अक्टोबर २०१६ मा सुरु गरिएको थियो। यस योजना अन्तर्गत, १५ हेलीपोर्ट र २ जल विमानस्थलसहित ९३ प्रयोग नगरिएका र कम प्रयोग भएका विमानस्थलहरूलाई जोड्ने ६४९ मार्गहरू सञ्चालनमा ल्याइएको छ। योजनाको ९ औं वार्षिकोत्सवको अवसरमा नयाँ दिल्लीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नागरिक उड्डयन सचिव समीर कुमार सिन्हाले उडान हवाई यात्रालाई किफायती र आम मानिसको लागि पहुँचयोग्य बनाउने उद्देश्यले एक परिवर्तनकारी पहल भएको कुरा प्रकाश पार्नु भयो। उहाँले विस्तारित उडान ढाँचामार्फत अप्रेल २०२७ पछि पनि योजनालाई जारी राख्ने सरकारको प्रतिबद्धतालाई पुन: पुष्टि गर्नु भयो, जसले पहाडी, उत्तरपूर्वी र आकांक्षी क्षेत्रहरूसँग सम्पर्क र लगभग १२० नयाँ गन्तव्यहरूको विकासमा केन्द्रित हुनेछ। मन्त्रालयले भनेको छ कि सरकारले एयरलाइन्स अपरेटरहरू र क्षेत्रीय पूर्वाधारलाई प्रोत्साहन गर्न अन्तर कोषको रूपमा चार हजार 300 करोडभन्दा बढी रकम वितरण गरेको छ। थप रूपमा, योजना अन्तर्गत विमानस्थल विकासमा चार हजार ६३८ करोड लगानी गरिएको थियो।

मन्त्रालयले भनेको छ कि सरकारले गत वर्ष समुद्री विमान सञ्चालनका लागि व्यापक दिशानिर्देशहरू पनि लागू गरेको छ र समुद्री विमान र हेलिकप्टरहरूको लागि विशेष बोली दौर उडान ५.५ सुरु गरेको छ। यस अन्तर्गत विभिन्न तटीय र टापु क्षेत्रहरूमा ३० वटा जल विमानस्थलहरू जोड्ने १५० मार्गहरूको लागि आशय पत्र जारी गरिएको छ। उडान केवल एक योजना मात्र होइन, यो परिवर्तनको लागि उत्प्रेरक हो र हवाई यात्रालाई समावेशी, दिगो र हाम्रो विकास यात्राको अभिन्न अंग बनाउने भारतको प्रतिबद्धताको प्रमाण हो, मन्त्रालयले भनेको छ।

**नेपालमा प्रधानमन्त्रीको आम चुनाव**

नेपालका अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीले हिजो प्रमुख राजनीतिक दलका प्रतिनिधिहरूसँग बैठक गर्नुभयो। आम चुनावको तयारी र सुरक्षा विषयमा छलफल भयो। प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भएको बैठकमा विघटित प्रतिनिधि सभाका धेरै राजनीतिक दलका प्रमुख नेताहरूको सहभागिता रहेको स्रोतले जनाएको छ। बैठकमा प्रधानमन्त्री कार्कीले स्वतन्त्र र निष्पक्ष चुनाव गराउन सबै राजनीतिक दलहरूसँग सहयोग माग्नु भएको छ। नेताहरूले सरकारलाई चुनावको लागि अनुकूल वातावरण सिर्जना गर्न आग्रह गरे। प्रधानमन्त्रीले अन्तरिम सरकारले कानून अनुसार काम गरिरहेको आश्वासन दिनुभयो। उहाँले सरकार जेनेरेसन जेड (जेन्जी) आन्दोलनको भावनाबाट अलग नहुने बताउनु भएको छ। श्रीमती कार्कीले सरकारले उचित प्रक्रिया र कानूनको ढाँचा भित्र काम गर्ने बताउनु भयो।

**जीएसटी सुधार - फुटवियर**

जीएसटी बचत महोत्सवको फाइदा समाजका सबै वर्गमा पुग्दैछ। प्रधानमन्त्री नरेन्द्र मोदीले २२ सेप्टेम्बरमा महोत्सवको घोषणा र सुरुवात गर्नुभयो। आजको हाम्रो यस शृङ्खलामा प्रस्तुत छ,  हाम्रा संवाददाताले देशको फुटवियर र पोशाक क्षेत्रलाई बलियो बनाउन जीएसटी सुधारहरूको प्रभावको बारेमा दिएको यो रिपोर्ट -

**गुजराती नयाँ वर्ष**

विश्वभरका गुजराती समुदायले आज नयाँ वर्ष मनाइरहेका छन्। गुजरातमा "बेस्तु वर्ष" को रूपमा मनाइने यो नयाँ वर्ष विक्रम संवत क्यालेन्डरको कार्तिक महिनाको पहिलो दिन पर्छ। केन्द्रीय गृहमन्त्री अमित शाह, गुजरातका राज्यपाल आचार्य देवव्रत र मुख्यमन्त्री भूपेन्द्र पटेलले जनतालाई नयाँ वर्षको शुभकामना दिनु हुनेछन् ।
प्रस्तुत छ हाम्रो संवाददाताको रिपोर्ट :-

**गोवर्धन पूजा**

आज देशका विभिन्न भागहरूमा गोवर्धन पूजाको पर्व मनाइँदैछ। उत्तर प्रदेशमा, गोवर्धन पूजा धार्मिक उत्साह र भक्तिभावका साथ गरिँदैछ। भगवान कृष्णका भक्तहरू ठूलो संख्यामा आइपुगेका छन्, विशेष गरी मथुरा र वृन्दावन क्षेत्रहरूमा।

**ब्याडमिन्टन फ्रेन्च ओपन**

फ्रेन्च ओपन सुपर ७५० ब्याडमिन्टन प्रतियोगितामा भारतका लक्ष्य सेनको चुनौती समाप्त भएको छ। हिजोको खेलमा आयरल्याण्डका न्हाट न्गुयेनले सेनलाई २१-७, २१-१६ ले पराजित गरे। यद्यपि उनले गत हप्ता डेनमार्क ओपनमा न्हाट सेनलाई पराजित गरेका थिए, तर उनीले पेरिसमा अनफोर्स्ड एरर र गतिको अभावका कारण हारको सामना गर्नु परेको छ। उनले दुवै खेलमा खराब सुरुवात गरे र संघर्ष गर्दा पनि पुनरागमन गर्न सकेनन्।

****** ० ******